श्री ५ को सरकार

## आवास तथा भौतिक योजना मन्त्रालयको सूचना

श्री ५ को सरकारले फोहर मैला (प्रबन्ध तथा स्रोत परिचालन) ऐन, २०४४ को दफा ३.३.५ ले दिएको अधिकार प्रयोग गरी फोहर मैला प्रबन्ध तथा स्रोत परिचालन केन्द्रको सञ्चालक समितिमा देहायबमोजिम थपघट र हेरफेर गरेको छ ।

१. सचिव, आवास तथा भौतिक योजना मन्त्रालय – अध्यक्ष
२. सदस्य-सचिव, काठमाडौं उपत्यका नगर विकास समिति – सदस्य
३. प्रतिनिधि, स्थानीय विकास मन्त्रालय – सदस्य
४. प्रतिनिधि, अर्थ मन्त्रालय – सदस्य
५. प्रमुख, काठमाडौं नगरपालिका – सदस्य
६. प्रमुख, ललितपुर नगरपालिका – सदस्य
७. प्रमुख, भक्तपुर नगरपालिका – सदस्य
८. महा-प्रबन्धक, नेपाल खानेपानी संस्थान – सदस्य
९. समाजसेवी, श्री मीत्रसेन दाहाल, ओखलढुङ्गा रामपुर – सदस्य
१०. महा-प्रबन्धक, फोहर मैला प्रबन्ध तथा स्रोत परिचालन केन्द्र –सदस्य-सचिव

आज्ञाले,
तेजप्रसाद उपाध्याय
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको सूचना

भूमिसुधार तथा व्यवस्था मन्त्रालयका सचिव श्री सूर्यनाथ सुवेदी घर बिदा स्वीकृत गराइ तीर्थयात्रामा जानु भएकोले उहाँ घर बिदाबाट फर्की हाजिर नभए सम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री आत्माराम पौडेललाई मिति २०४९।४।११ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
रजनीनाथ प्याकुर्‍याल
श्री ५ को सरकारको अतिरिक्त सचिव

श्री ५ को सरकार

## वाणिज्य मन्त्रालयको सूचना

श्री ५ को सरकारले मिति २०४९।४।५ मा आर्थिक वर्ष २०४९–२०५० देखि चीनको स्वशासित क्षेत्र तिब्बतबाट प्रिमियम लाग्ने वस्तुहरूको आयातमा जुन समयमा जति प्रिमियम प्रचलित छ सो अनुसार प्रिमियम लिने निर्णय गरेकोले जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
दुर्गाप्रकाश पाण्डेय
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार